Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- १२, २०७८ साल असोज २५ गते सोमबार (Oct 11, 2021) www.janaakash.com.np मूल्य रु १०।-

## हार्दिक मंगलमय शुभकामना

नेपालीहरुको महान् पर्व विजया दशमी, दीपावली, नेपाल सम्वत् ११४२ र छठ पर्व २०७८ को अवसरमा सम्पूर्ण देश-विदेशमा रहनु भएका नेपाली दाजु भाइ तथा दिदी बहिनीहरु, ग्राहक वर्ग , विज्ञापनदाता, शुभेच्छुकलगायतमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



मोहन कार्की

अध्यक्ष जनआकाश मिडिया प्रा.लि.

Email: jana.news2065@gmail.com

नेपालीहरुको महान चाड वडादशैं २६ गतेबाट पर्ने भएको हुनाले यो अंक सोमवार प्रकाशन गरेको जानकारी गराइन्छ ।

(हाम्रो भेट कार्तिक ९ गते हुनेछ )

# बिजया दशमीको लहर आयो बरिलै

- मोहन कार्की

बिजया दशमीको लहर घरघरमा छायो
खुशीयाली जतातते तरङग नै ल्यायो
जतातते सामल तुमल जो गर्न थाले
टिका लगाई आसिस दिन्छन् हाम्रा हजुरबाले नेपालीहरुको महाँन चाड बिजया दशमी नेपालीहरुको घरघरमा आइसकेको छ। आज फुलपातीको दिनवाट त नेपालीहरुको चार दिन दशै पाँच दिन तिहार भन्ने चलनलाई समेत उजागर गरिदिएको छ ।

यो पर्वमा मानिसहरु टाढा टाढा देखि आफुभन्दा ठुला आफन्तकोमा गई टिका र आर्शिवाद थाप्ने चलन रहि आएको छ । यो चलन नेपालको मौलिक सस्कृति हो ।

नेपालमा सोह्र सर्द्धा सकिएपछि नौरथा अर्थात लागेको दिनलाई घटस्थापनाको रुपमा मनाउने गरिन्छ र सोहि दिनवाट नै बिजया दशमीको शुरुवात हुने गरेको छ। घडामाथि शक्तिस्वरूपा दुर्गाको पूजा आराधना गरिने भएकाले त्यैदिन घटस्थापना गरिन्छ । उक्त दिन नै पूर्ण कलशको जलले अभिषेक गरी विजया दशमीका दिनमा दुर्गा देवीको प्रसाद ग्रहण गर्ने चलन रहेको छ ।

यसरी दशैंलाई पहिलो दिन शैलपुत्री, दोस्रो दिन ब्रह्मचारिणी, तेस्रो दिन चन्द्रघण्टा, चौथो दिन कुष्माण्डा, पाँचौं दिन स्कन्दमाता, छैटौं दिन कात्यायनी, सातौं दिन कालरात्रि, आठौं दिन महागौरी र नवौं दिन सिद्धिदात्री देवीको पूजा आराधना गर्ने गरिन्छ । यिनै नौ वटा दुर्गाका रूपलाई नवदुर्गा पनि भन्ने गरिएको छ । र दशौ दिनमा बिजया दशमी हुने गर्दछ ।




नेपालमा बिजया दशमी धुमधामसँग मनाउने गरिन्छ । सकेसम्म नेपालका नेपालीहरु आफ्नो पुख्यौली घर फर्केर आफुभन्दा मान्यजनहरुको हातवाट टिका लगाई आर्शिवाद लिन आउने गर्दछन् ।

विगतको दशै र यो २०७८ को दशै

विगतमा नेपालका नेपालीहरुले महान चाड बिजया दशमीलाई भब्यरुपमा मनाउने गर्दथे तर २०७६/२०७७ सालमा कोरोनको हल्ला र त्रासले नेपालीहरुको मौलिक संस्कृतिमाथि पनि असर परेको थियो । अहिले बिस्तारै खुल्दै गरेको बजार र सहज हुदै गरेको जनजीवनले यो महान चाड नेपालीहरुको लागि खुशीको पर्व बनेको छ ।

यतिवेला धेरैजति नेपालीहरुको घरमा बिजया दशमीको तरङग आईसकेको छ। बिजया दशमीमा कसैका छोराबुहारी, कसैका छोरी ज्वाई आफन्त आउने खुशीले सामाल तुमल जो गर्ने मिठो मसिनो बनाउने तयारी भइसकेको छ ।

गाउँघरमा गाइबस्तु पालेका किसानहरुले गाई बस्तु, बाख्रापाठाको लागि घास जो गरेर दुइचार दिन आनान्दसँग चाड मनाउने तयारीमा छन् । विदेश

बाँकी ६ पृष्ठमा

# मण्डनदेउपुरद्वारा आर्थिक सहयोग

काभ्रेपलाञ्चोक । मण्डनदेउपुर नगरपालिकाले कोभिड-१९ बाट मृत्यु भएका नगरभित्रका नागरिकका परिवारलाई नगद सहयोग प्रदान गरेको छ । नगरपालिकाले शुक्रबार सहयोग रकम वितरण कार्यक्रम आयोजना गरी प्रतिमृतक रु ५० हजारका दरले १८ जनाको परिवारलाई नगद रकम सहयोग प्रदान गरेको हो ।

नगरपालिका स्वास्थ्य शाखाका अधिकृत दीपक घिमिरेले नगरपालिकाभित्रका कोभिड-१९ को सङ्क्रमणका कारण उपचारको क्रममा मृत्यु भएकाको परिवारलाई सो रकम वितरण गरेको बताउनुभयो । कोभिड-१९ को सङ्क्रमणबाट सङ्क्रमित भई जिल्लाभित्रैका अस्पताल तथा जिल्ला बाहिरका अस्पतालमा उपचारको क्रममा पहिलो लहरमा सङ्क्रमण भएर मृत्यु भएको चार र दोस्रो लहरको सङ्क्रमणमा परी मृत्यु भएका २२ गरी २६ जना नगरभित्रका बासिन्दाको मृत्यु भएको स्वास्थ्य शाखाले जनाएको छ । जसमध्ये १८ जनाको परिवारलाई सहयोग रकम वितरण गरेको र वितरण गर्न बाँकीलाई पनि नाता प्रमाणित र वडा कार्यालयको सिफारिससहित आवश्यक कागजात पुर्‍याएर सम्पर्कमा आउनेलाई छिट्टै रकम वितरण गर्ने जनाइएको छ ।

नगरपालिका प्रमुख टोकबहादुर वाइबाले कोभिड-१९ सङ्क्रमणको कारण मृत्यु भएकाको परिवारलाई नगरपालिकाको तर्फबाट सान्त्वनास्वरुप नगद सहयोग प्रदान गरेको बताउनुभयो । सङ्क्रमणमा परेकालाई बचाउन हरतरहले उपचारको लागि सहयोग गर्दा पनि बचाउन नसकेपछि मृत्यु भएकाको परिवारमा विचल्लीमा रहेकालाई सान्त्वनास्वरुप सहयोग गरेका हौँ, नगर प्रमुख वाइबाले भन्नुभयो, विपद् र समस्यामा नगरबासीको साथमा सधैंभरि नगरपालिका रहेको छ भन्ने उदारहणको लागि पनि यो सहयोग रकम प्रदान गरेका हौं । नगरपालिकाको नवौं नगरसभाले नै पारित गरेको निर्णयअनुसार शुक्रबार मृतक परिवारलाई रकम सहयोग वितरण गरेको प्रमुख वाइबाले बताउनुभयो ।

त्यस्तै सङ्क्रमण भएर भेन्टिलेटरमा उपचार गराएका विपन्न बिरामीलाई पनि रु २५ हजारका दरले रकम सहयोग गर्ने भएको वाइबाले बताउनुभयो ।






'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# दशैंलाई मर्यादित भएर मनाऔं

नेपलीहरुको महान चाड बिजया दशमी २०७८ नेपालीहरुको घरघरमा प्रवेश गरिसकेको छ । यो पर्व खुशी साटासाट गरेर मनाउने पर्व हो । यस पर्वमा लामो समय भेटघाट नभएर टाढिनु पर्दाको दुःख, पीडा समेत एक आपासमा व्यक्त गरेर मनलाई हल्का बनाउन सकिन्छ । बिजया दशमीको राम्रा पक्षलाई बदनाम गराउन केही त्यस्ता कु तत्वहरुले बिगतमा जुवा, तास खेल्ने, खेलाउने गरेको पनि देखिएका छन् ।

दशैंको अवसरमा तास, जुवा खेलाउने, खेल्ने र मदिरा सेवन गर्ने त्यही जुवा, तास, मदिरा सेवनका कारण झगडा उत्पन्न हुने, कुटाकुट गर्ने त्यही झगडाका क्रममा नेपालका चाडबाडहरुमा मानिसको मृत्यु हुनेसम्मका घटना घटने गरेका छन् ।

माथिका घटनालाई सम्झेर आाफ्ना परिवारमा कसैले मदिरा सेवन गर्छ भने चाडबाडको बेलामा यस्ता मदिरा सेवन नगर्न आग्रह गर्ने मदिरा सेवनले आफ्ना इष्टमित्र साथीभाईमा नराम्रो असर गर्छ भनेर सम्झाई बुझाई गर्ने मदिरा सेवन गर्ने मानिसहरुले पनि यस्तो महान् चाड पर्वमा मैले मदिरा सेवन गर्दा हामीहरुकोमा आउने पाहुँनाले के भन्लान् भनि प्रतिष्ठाको समेत ख्याल गरेर जिम्मेवार बन्नुपर्छ । त्यसो भयो भने साँच्चै नै महान चाडको महानता झल्कन्छ ।

त्यसैगरी जुवा, तास, लगुर ब्रुजा, चिट्ठा जस्ता ठगीका घन्दा चलाउनेहरुले पनि यो नेपालीहरुको संस्कृतिलाई संक्षण गर्नुपर्ने सम्झेर जिम्मेवार भइ बिगतमा बानी लागेको भएपनि यस दशैंवाट यस्ता कार्यहरु त्याग्छु भन्ने प्रण गर्नुपर्दछ । जसले अरुको खुशी चाहाने मानिसहरुमा सधै सदावहार खुशी छाइरहेको हुन्छ । गलत सोच राखेर एकछिनको आम्दानीले क्षणिक खुशी दिएपनि दिगो हुन सक्दैन । त्यसकारण सवैको खुशी देख्ने वातावरण बनाउदै बिजया दशमी मनाउन माथि उल्लेखित तोकेका व्यक्तिहरुले सोचुन् ।

### देखासेखी नगरौ

नेपालमा सदभाव, एकता, परस्पर सम्बन्ध, धार्मिक सहिष्णुतामा बाँधिएर पर्वहरु मनाउनु नेपालीहरुको संस्कार नै हो । यस संस्कारलाई यसैगरी कायम राख्नु सवै नेपालीहरुको कर्तव्य हो । तर काही कतै कतिपय ठाउँहरुमा देखासेखी गरेर चाडपर्वको महत्व माथि नै प्रश्न उठ्ने गरी भड्किलो, खर्चिलो बनाएर तडक भडक गरिएको देखिन्छ । आफ्नो क्षमताले जे सकिन्छ त्यसरी नै मनाउने गर्नु पर्छ । त्यो क्षमताभन्दा बाहिर नगई पर्व मनाउनुपर्छ । यसो गर्दा दशैं सकिए लगतैं रिनको भारी र अरुको दवावमा पर्नु पर्दैन । सदा खुशी रहन सकिन्छ । यसरी सवै क्षेत्रवाट मर्यादित भई दशैंलाई दशैंको रुपमा मनाऔं दशैंलाई आफ्नै कारणले दशा नबनाऔं ।

# छोरीको दशैं

डा. अमर कार्की



"हैन कस्तो यो हाम्रो दशैं तिहारको जस्तै मौसम भाको है बिनय आज! " साँझ पख केनल ओर्थ पार्कमा हिड्दै गर्दा चिसो चिसो मन्द मन्द चलिरहेको हावामा आफ्ना दुबै हात फिजाउदै सृजनाले भनी ।

"अनी दशैं आइसक्यो त सृजु । आज हो कि भोली नै त हो घटस्थापना ।" आफ्नो पाइन्टको पछाडीको खल्तीबाट आइ फोन झिक्दै बिनय बोल्यो । सानोमा नेपालमा हुँदा कालो बादल हटाएर निलो आकस खुल्दै खेतका गरा गरामा लह लह धानका बाला झुलाउदै, बारी भरी पहेलै तोरी फुलाएर अनी घरका बगैचामा सयपत्री फूलको बास्ना छर्दै आउने दशैं सम्झेर रोमान्चीत हुदै अघी बोली सृजना "तर त्यस्तो सुगन्ध त छैन अहिले तैपनि दशैं आयो भने पछि रमाइलो चाहिँ लाग्ने है ! "

निधार भरी टिका अनी कानमा जमरा लगाएर दगुर्दै गाउँको बिचमा टाडेको लिङ्गे पिङ र बुर्जे काकाले थापेको लङ्गुर बुर्जाको लागि आमाले पस्केको मासु र भात त्यसै छोडेर दौडेको सम्झनामा बिलिन भयो बिनय। "ओइ के भयो? किन टोलाको हो ? " सृजनाले झकझकाए पछि मलिन स्वरमा आफ्नो बिलौना पोख्यो उसले "आफुलाई त के दशैं के तिहार! दशैं भनेर जाने ठाउँ पनि छैन, टिका लगाइदीने पनि कोही छैन यो बिरानो शहरमा ।"

बिनयको कुरा सुनेर सृजना पनि भाबुक भई । "मेरो सबै जना यहीँ भए पनि मैले पनि परिवारको साथमा दशैं मनाउन नपाएको चार बर्ष पुरा भयो नी। कलेज गए देखी त खोइ र दशैंमा घर जान पाको । सधै दशैं तिहार सेमेस्टरको बिचमा पर्छ। बरु यो दशैं क्रीसमसको छुट्टीमा पर्ने गरि सार्न पाए हुन्थ्यो नि है। बल्ल जागिर खान थाले पछि यसपाली जुरेको छ । बडा रमाइलो हुनेवाला छ। किन थाहा छ ? " सृजनाको उत्सुकता देखेर बिनय वाल्ल पर्यो र थाह छैन भनेर जनाउन टाउको हल्लाइ दियो । "बुद्द ! यसपाली नेपालबाट मेरो हजुरआमा र हजुरबा पनि आउनु भाको छ । बरु बिनय तिमी पनि यसपाली मेरै घर हिड न । रमाइलो हुन्छ है ।"

अमेरिका आए देखी दशैं खासै मनाउन नपाएको बिनयलाई सृजनाको निम्तो चाख लाग्दो भयो । उसको लागि त दशैं भनेको कलेजबाट फर्के पछि त्यही अपार्टमेन्टमा बस्ने नेपाली बिद्यार्थी जम्मा भएर चिकेन र भात खाने अनी स्काइपमा नेपालमा बस्ने ममी डाडी सङ्ग कुरा गर्ने बाहेक अरु केही थिएन ।

नभन्दै सृजना र बिनय दुबै दशैंको लागि अफिसबाट चार दिनको छुट्टी लिएर बोस्टनबाट डालास सृजनाको घर पुगे । साच्चै उसको घरमा आज दशैं आएको थियो । टिकाको लागि भव्य तयारी हुदै थियो । सृजनाको हाइ स्कुल पढ्ने भाइ सृजन पनि स्कुल नगएर घरमा नै थियो त्यसदिन । सृजनाको बाबुले हरेक बर्ष आलुमिनियमको ट्रेमा जमरा उमार्थे तर यसपाली हजुर बाले रित पुर्बक केराको पातमा नै जमरा उमार्नु भएको थियो । सृजनाले नेपालबाट लेराएको चाँदीको थालीमा दही, अबीर र अक्षता मुछेर रातो टिका बनाएकी थिई । सृजनले एक मुठी जमरा काटेर लेराएर त्यही थालीको आर्को खन्डमा राख्यो । बिनय भने सृजनाको काका सङ्ग मिलेर टिका लगाएको भिडीयो र फोटो खिच्नको लागि क्यामरा मिलाउदै थियो । उ त्यो परिवारको सदस्य नभएकोले सबैले टिका लगाए पछि मात्र उसको पालो आउने भएकोले उसलाई क्यामराको जिम्मा दिएको थियो । चार चार बर्ष पछि छोरी दशैंमा यसपाली घरमा भएकीले सृजनाकी ममी खुशीले फुरुङ हुदै छोरीलाई यो सारी लगाऊ यो लेङ्गा लगाऊ यो कुर्था लगाऊ भनेर क्लजेट बाट निकालेर खाट भरि फिजाइ रहेकी थिइन । सृजना पनि दङ्ग पर्दै एउटा एउटा गर्दै सबै लाउदै एना हेर्दै गरिरहेकी थिई । "आमा बुबा आएर त यसपाली दशैं तिहार झनै रमाइलो हुने भो है मामु !" खुशिले गद गद हुदै बोली सृजना। आफुहरुलाई हजुरआमा हजुरबा भनेर नाति नातिनाले बोलाउदा खै किन हो टाढाको जस्तो लाग्छ भनेर आमा बुबा नै भन्न सिकाउनु भएको थियो हजुरआमाले उनीहरुलाई ।

आज सृजनाका आमा छोरी मिलेर मिठो मिठो परीकार बनाएका थिए । सृजनाले आफुले अरु धर्म र संस्कृतिका उनीहरुलाई दशैं र तिहारको बारेमा सुनाउदा उनीहरु कति उत्सुक भएर सुनेका थिए भनेर आमालाई सुनाएकी थिई ।

केही बेर पछि सासु, देवरानी र छोरी सबैलाई चिटिक्क पारेर सृजनाको ममी बाहिर पाटिओमा निस्कदै बोलिन "बिनय बाबु आऊ त हाम्रो एक दुइटा फोटो खिची देऊ ।"

बिनय कुदेर उतै तिर लाग्यो। बैठक कोठाको बिचको टी टेबलमा सागरले आफ्नो बिहेमा कम्मरमा भिरेको त्यही खुकुरीलाई तेस्रो पारेर राख्नु भयो र रातो अक्षता र फूलले पुजा गरेर छेउमै धुप र बत्ती बालेर राख्नुभो हजुरबाले। "ए सागर खोइ त एउटा देबीको फोटो लेराइज त बाबु पुजा गर्न लाई ।" हजुरबा चिच्याउनुभो भित्र बाट। सृजनाको बाबु सागरलाई सृजनाकी ममि सपनाले फोटो खिच्नु पर्यो भनेर बाहीर बोलाएकी थिइन । सागरले छोरालाई हजुरबालाई देबीको फोटो खोजेर लगिदीन भित्र पठायो । सृजनले देबीको फोटो भेटाएन अनि दिदी सृजनाकै फोटो लगेर हजुरबालाई दिदै भन्यो "ल हजुरबा सधै दिदी पनि देबी नै हो भन्नु हुन्थ्यो नी उसकै फोटो राख्नुस ।"

उहाँले हास्दै भन्नु भो "हुन त हो नाती बाबु तर अहिले मलाई दुर्गाको फोटो चाहिएको हो क्या ।"

ए त्यो त जमरा राखेको ठाउमा छ नी भन्दै उ दगुर्यो। सबै जना सजीएर टिका लगाउन बैठक कोठामा जम्मा भए । "यसपाली त मैले पनि टिका लगाउन र लगाइदिन पाउने भए ।" भन्दै सृजना हजुरआमासँग टासिन पुगी । "हामी पनि त हाम्रो एक मात्र नातिनीलाई यतिका बर्षपछि टिका लगाइदिन पाहिने भो भनेर दङ्ग छम नी छोरी । बिहान पुजा पाठ सके पछि छोरी बेटीलाई टिका लगाइ दिएर गोडा ढोगेर खान नपाको नी कति भो कति भो। के गर्नु तिमीहरु दशै तिहारमा नेपाल आउन पाउदैनौ । हामी यता आउन सक्दैनौ। यसपाली जुरेछ ।" हजुरआमाले उसको कपाल सुमसुमाउदै भन्नु भो । सृजना हजुरआमाको कुरा सुनेर मुसु मुसु हास्दै बोली "हजुरहरु अब सधै यहीँ बस्दा हुन्छ नि आमा ।"

टिकाको साइत आए पछि हजुरबाले ल अब सुरु गरम सबै यता लाइन लागेर बस भन्नु भो । सृजनाका आमाछोरी बाहेक सबै लिभिङ रुमकै वरीपरी जम्मा भए ।

हजुरबाका आँखा भने कसैलाई खोजिरहेका थिए खोइ त छोरी कता गई ? हजुरबाले दिदीलाई खोजेको देखेर सृजनले जिस्कायो मलाई नै पहिला लगाइ दे भो नि हजुरबा । किन कुरी राख्ने उसलाई ? हजुरबाले अलि हप्काए जसरी भन्नु भो नकरा यस्तो धार्मिक काम गर्दा चेलीबेटी बाट शुरु गर्नु पर्छ । हाम्रो त्यही एउटा नातिनी त हो । खोइ कता गै सृजना ? छोरी आइज टिका सुकी सक्यो । तर सृजना देख परिन्। भित्र कोठाबाट सुक सुक आवाज मात्र आयो। एक क्षण पछि भित्रबाट सपना एक्लै बाहिर आइन र सासुको कानमा खुसुर खुसुर गरिन् । "ए ल सृजनालाई छुन नहुने भएछ । हामी अरु टिका लगाउ । हजुरामाले बुढा तिर हेरेर भन्नुभो । हजुरबाको मुहार मलिनो भयो । "आइज तलाई म लाइदिन्छु अनि हामी दुबै भएर सबै छोरा बुहारी र नातीलाई लगाइ दिउला । बुढाले बुढी तिर हेर्दै भन्नुभो ।

केही क्षण अघि सम्म घरकी देबी बनाएर पुजा गर्न र टिकाको शुभारम्भ नै उनी बाट गर्न तयार पारिएकी उसको दिदी अहिले अछुत भै भनेर यो महान चाहाडमा सहभागी हुन बाट बन्चीत गराउन लागेको सृजनलाई अलि अनौठो लाग्यो। उ त्यहाँ बाट चुपचाप उठेर दिदीको कोठामा गयो र दिदीसँग बस्यो। सबैलाई टिका लगाइ दिए पछि उसको आमा सृजनलाई हजुरबा हजुरआमासँग टिका लगाउन आउ भन्न गइन् । उसले दिदीको पालो न आइ मेरो पालो कसरी आउछ, मैले पनि हगेको छु, मुतेको छु, थुकेको छु, सिङान पुछेर फाकेको छु । म पनि अछुत भए जहिले दिदी चोखी हुन्छे त्यही दिन म लगाउँला आमा। भनेर अयि लिएर बस्यो । यो गधा आफ्नो संस्कृति र परापुर्ब देखी चली आएको चलन भाड्न खोज्छ भनेर उताबाट कराए । त्यसो हैन हजुरबा राम्रा कुरालाई कायम राखेर केही यस्ता कुसंस्कारलाई हटाउदै गयो भने हाम्रो संस्कृति आउने पुस्तामा प्रिय हुदै जान्छ र दिगो रहन्छ । उसले शान्त हुदै आफ्नो तर्क राख्यो । के तैले हाम्रो पुर्खाहरु जसले यो चलन चलाए ती सबै मुर्खा थिए भन्न खोजेको? बुढा झन कड्कीनुभो । बिल्कुल होइन हजुरबा । त्यती बेला जसले यो नियम बनाए त्यो त्यस समय र परीस्थिती सुहाउदो र आबस्यक पनि थियो होला । उतीबेला घर घरमा सौचालय नभएकोले पाखा र खेतका डिलमा जानु पर्ने हुनाले दिशा बसेर आएपछि हात खुट्टा धुने, नुहाउने आदि गरेर मात्र भान्छामा जानु पर्ने चलन चलाए। त्यसै गरी महिनावारी भएको बेलामा रगत बग्ने हुनाले कम्जोर हुने र सजिलै इन्फेक्सन हुन सक्ने भएकोले उनलाई केही दिनको लागि छुट्टै अलि सफा ठाउमा राख्ने, बाहिर र घर भित्रका कामहरु पनि नलाउने चलन चलाए। यो महिनाबारी भनेको पनि त्यस्तै एउटा शारिरीक प्रकृया त हो । पछि पाप लाग्छ भनेर धर्मसंग जोडेर चलन चलाउदा बढी लागु हुने भएकोले त्यसो गरिएको हुन सक्छ । अझै पछि मान्छेहरुले धर्म र पापको आडमा यसको नाजायज फाइदा उठाउने र आइमाइलाई हेप्नको लागि यसको प्रयोग गर्न थाले।आज आएर यो श्राद्दमा बिरालो बाध्ने चलन जस्तै भाको छ । आज भात खानु अघि हामी औसनी हाल्दैनौ, दिशा बस्दा कानमा जनै हाल्दैनौ किनभने यसको प्रयोजन नै अब छैन। हाम्रा पुर्खाले गाइको गोबरले भान्चा लिपेका थिए भनेर अहिले हामीले त्यो गर्नु जरुरत नदेखेर त नगरेका हौं । हामी सबै यो बुझ्दा बुझ्दै पनि यि अबला नारी प्रती यो अन्याय किन गर्ने भन्नु त? संसारमा हिन्दु बाहेक अरु धर्म मान्ने मान्छे धेरै छन्। ति कसैले पनि यो प्रचलन आत्मसाथ गरेका छैनन तर पनि ति हामी भन्दा असल छन्, प्रगती गरेका छन् र अरुको सेवा गरेर मान्छेहरुको प्यारो भएका छन् । हाम्रा धेरै संस्कृतिहरु अरुको भन्दा गजब राम्रा छन् तिनलाई जरुर जोगाइ राख्नु पर्छ तर त्यसभित्रका कु संस्कार र भेदभाबलाई हटाएर मात्र त्यो गर्न सकिन्छ । महिलालाई देबी पनि बनाउनु पर्दैन ।"

केही बुझे जसरी र केही बुझाउन खोजे जसरी सानोले भनिन " नारीलाई सम्मान गरेको त हो नी बाबु ।"

सृजनले पुलुक्क काकीको मुखमा हेर्यो अनि पुजाको थाली मा ओइलाएका फूललाई हातले सुमसुम्याउदै बोल्यो: " अन्टी हेर्नु त यि फूल बगैचामा फुलेको कति राम्रो देखिएको थियो । फुलबारीको बास्नाले कसलाई पो मोहनी लगाउदैनथ्यो । त्यही फूल टीपेर तपाईले कपालमा सिउरनु भयो, भगबानलाई चढाउनु भो । हेर्नुस यी ओइलाएर गएको यो फूललाई। यो फूलको सम्मान भयो की हत्या त ?" फेरि उ सबै तिर हेरेर अघी बोल्दै गयो "मेरी दिदी, तपाइकी नातिनी अनि तपाइकी छोरी चार बर्ष पछि एउटा ठुलो उमुङ र उत्साह लिएर तपाईहरुको हातबाट टिका थापेर आर्शीबाद लिन आएकी थिई तर हामीले एकै क्षणमा पर बनाइ दिएउ । देबीबाट अछुत बनाइ दिएउ ।" मासु र भात गास हाल्दै उसको कान्छो काका बोले डाइनीङ टेबलबाट "ल ल तेरो कुरा बुझियो टिका लाएर भात खान आइज अब ।"

आफ्नो काकाको गैर जिम्मेवारी टिप्पणी सुनेर उसले भन्यो "के बुझ्नु भो काकु तपाईले ? केही अघि उसले रमाइ रमाइ मुछेको टिका उसैलाई पन्छाएर लगाउनु भयो । उसले ममताले बनाएको पुरी र खसीको मासु उसलाई आसु पिलाएर खादै हुनुहुन्छ तपाई । तर उसलाई एउटा रातो टिका लगाइदिदा तपाईको धर्म नस्ट हुन्छ । यही बुझ्नु भो हैन त !

हजुर आमाले नातीलाइ हप्काउदै भन्नुभो "एक साल दशैं छुटेर के भो त आर्को बर्ष पनि आउछ नि यस्तो गर्नु पर्छ तैले ? "उसले आसु झार्दै बोल्यो "जरुर आउछ हजुरआमा तर के थाहा मेरी दिदीलाई आर्को साल दशैं तिहारमा घर आउन रहर लाग्छ कि लाग्दैन किनभने त्यो मासीक प्रक्रीयालाई उसले रोक्न सक्दीन। के तपाइहरु अर्को बर्ष पनि आउनु हुन्छ ? कुरा टिकाको होइन आत्म सम्मान र अपमानको हो । तपाइहरु रमाइलो गर्नुस्, खानुस पिउनुस ।

यती बोलिसकेर उ दिदीकै कोठामा फर्कियो जहाँ सृजना आफ्नो दुइटा घुडाको बिचमा मुन्टो घुसारेर बसेकी थिई । उसले भाइलाई एक पल्ट बेस्सरी कसेर अङालोमा बेरी र क्वा क्वा रोई। त्यो रोदनले घरका ति मानिसहरुको कानलाई त घोच्यो कि घोचेन तर त्यो घरको भित्तो छेडेर त्यो क्रन्दन माथी धेरै माथी आकासको बादललाई रुवाउन पुग्यो। गड्याम गुडम गर्दै पानी बर्सीन थाल्यो र उसको आसु सङ्गै मिसिएर बग्यो ।

फ्लोरिडा यू एस ए

# भामरकोट कोट देवी स्थानः को बारेमा महत्वपूर्ण जानकारी



बागमती अंचल, काभ्रे पलान्चोक जिल्ला, साविक भमरकोट गाँउ विकास समिति वार्ड नम्बर ६, पछि पाँचखाल गाउँ विकास समिति वार्ड नम्बर १ हुँदै अहिले पाँचखाल नगर पालिका वार्ड नम्बर ५ भमरकोटमा अबस्थित यो भमरकोट देवी स्थान ऐतिहासिक तथा पौराणिक देवी स्थान हो । परापुर्व कालमा पृथ्वी नारायण शाहले नेपालको एकिकरण गर्नु पहिलेका बाइसे, चौबिसे राज्यहरुको समयमा नै यी भमरकोट देवीको स्थापना भएको भन्ने किम्बदन्तीहरु पाईन्छ । बिक्रम सम्बत १८२० मा पृथ्वी नारायण शाहले नाल्दुममा आक्रमण गरि बिजय गर्दै अगाडि बढ्ने क्रममा नाला, बनेपा, पनौती, धुलिखेल, काभ्रे, भमरकोट, अनेकोट, पलान्चोक आदि स्थानमा रहेका स( साना राज्यहरुको बिजय गर्दै सिन्धुपाल्चोक र दोलखा तिर अगाडि बढेको कुरा इतिहासले बताउछ । त्यती बेलाका राजा रजौटाहरूले आफ्नो दरबार अर्थात् निवास स्थान पहाडको उच्च ठाउँमा बनाउने प्रचलन रहेछ । सायद पहाडको डाँडाबाट आफ्नो राज्य र रैतिहरुको रेखदेख गर्न सजिलो पर्ने र सुरक्षित स्थान भएको हुँदा यो विधि अपनायिएको हुनसक्छ । आफ्नो निवास नजिकै देवी देउताको स्थापना गर्ने क्रममा भमरकोट राज्यका राजाले भमणकोट देवीको स्थापना गरेको र यहीँ कोतको पनि निर्माण गरि राज्यको ढुकुटी तथा हातहतियार र अन्य खर खजानाहरुको भण्डारण गर्ने स्थानको निर्माण गरि, हरेक वर्षको दशैंमा दुर्गा स्थापना गर्दै, नौ दिन सम्म नव दुर्गा पूजा गरेर मौलोको स्थापना गरी नवौ दिनमा मौलोमा राँगोको बलि दिने प्रचलन चली आयकोमा अहिले सम्म पनि स्थानीय बासीहरुले उक्त परम्परालाई कायमै राख्दै नव दुर्गा पूजा र मौलोको पूजा गर्दै आयका छन् ।

यो भमरकोट देवी स्थान काभ्रे पलान्चोक जिल्ला सदरमुकाम धुलिखेल बाट पुर्ब तर्फ ६ किलोमिटर दूरीमा पहाडको डाँडामा अबस्थित छ । भमरकोट देवी स्थान रहेको डाँडाबाट नेपालको उत्तर खण्डमा रहेका युगल हिमाल शृंखला लगायत गौरीशंकर हिम शृंखला राम्रोसँग देख्न सकिन्छ । काभ्रे पलान्चोक जिल्लाको पाँचखाल, पलान्चोक, बोहोरे, मण्डन, काभ्रे, फूलबारी, दाप्चा, धुलिखेल, रबि ओंपी, अनेकोट, देउपुर, फटकशिला आदि ठाउँहरुको सजिलैसँग दृश्यावलोकन गर्न सकिन्छ भने सिन्धुपाल्चोक जिल्लाको हेलम्बु क्षेत्रका पहाडहरु, चौतारा, खरीढुंगा तथा कोशी पारिका पहाडहरु मात्र नभएर दोलखा जिल्लामा अबस्थित कालिन्चोक माइ भगवतीको डाँडा र चिसापानी तथा जिरीका डाँडाहरुको सहजै अनुमान लगाउन सकिनुका साथै दोलखा तथा रामेछाप जिल्लाको सिमानामा रहेको सैलुंग (सैथुम) पहाडहरु पनि राम्रोसंग देख्न सकिन्छ । यस हिसाबले हेर्दा भमरकोट देवी स्थान रहेको यो ठाउँ प्राकृतिक हिसाबले अति रमणीय र सुन्दर स्थानमा अबस्थित छ ।

भमरकोट र आसपासका गाउँहरुमा बिभिन्न जात जातिका फुलहरु फुल्ने गर्दछन् । सयपत्री, मखमली लगायत नेपालमा अति दुर्लभ मानिने पारिजात र जयन्ती जस्ता फुलहरु पनि एस छेत्रमा पाईन्छ । यसैगरी मकै, गहुं, कोदो, फापर र अन्य धेरै अन्न बालीहरु पनि यहाँ उत्पादन हुने गर्दछन् । समुन्द्र सतह देखि करीब ४००० फीट् उचाइमा रहेको यो स्थान प्राय हरियालिमय हुँदै रम्दछ । बिविध तरकारी बालि लगायत रायो, तिल र तोरी जस्ता तेलहन बालीको उत्पादन हुने हुँदा यहाँ फुलहरुका रस् चुस्दै उड्ने भमराहरु र मौरीहरु प्रसस्तै पाईन्छन् । पृथ्वी नारायण शाहका लडाकुहरु भ्रमणकोट देवीको दर्सन गरि पुर्ब तिरको बिजय यात्रा गर्दा यी भमराहरुले उनीहरुलाई लोभ्म्यायका थिय रे, यिनै लडाकुहरुले यो ठाउँलाई धेरै भमराहरु हुने स्थान भ्रमरकोट भन्दै हिड्ने गरेको हुदा पछिल्लो समयमा मानिसहरुले एस ठाउँको नाम नै भमरकोट भन्ने गरेको कथा पनि मैले बुढा पाकाहरु बाट सुनेको छु ।

परापूर्व कालमा निर्माण भएको मन्दिर तथा सत्तलहरू र अन्य भवनहरु इतिहासका बिभिन्न काल खण्डमा नासिदै गयको पाईन्छ । पृथ्वी नारायण शाहको नेपालको एकिकरणको यात्रा पश्चात यहाँका राजा रजौटाहरूले आ-आफ्नो स्थान छोडी अनेत्रै भागी सारेको हुदा यहाँ निर्माण भएका मन्दिर र भबनहरुको संरक्षण अभावका कारण समय समयमा आयका भूकम्पहरु र अन्य प्राकिर्तिक कारणहरुले गर्दा यस ठाउँमा केही खण्डहर तथा मन्दिर रहेको स्थानमा भाग्नाबसेस मात्र रहेको भयता पनि त्यस स्थानमा रहेका केही पौराणिक शिला तथा ढुङ्गाहरुमा स्थानीय बासिन्दाहरुले पूजा अर्चना गर्दै दशैंको नव दुर्गा पूजा र मौलोको बालीको पूजा संचालन गर्दै आयका छन् । यस भमरकोट देवी स्थानको वरपर अन्य देवी देवताका मन्दिरहरु पनि छन् । बितलबमा गणेश स्थान छ । यसैगरी माझकोटमा पनि गणेश र माथि डाँडामा अर्को देवीको मन्दिर छ । यिनै भमरकोट देवी स्थानको काखमा बिक्रम सम्बत २००८ सालमा बितलब र माझकोटमा रहेका गणेश भगवानको नामबाट श्री गणेश प्रार्थमिक बिधालय देशले प्रजातन्त्र प्राप्त गरेको एक बर्ष भित्रमा स्थापना भयकोमा हाल श्री गणेश माध्यमिक



बिधालयमा परिणत भईसकेको छ । एस बिदध्यालयको स्थापना देखि नै सरस्वोती पूजा अर्थात् श्री पंचमीका दिन सरस्वतीको पूजा सम्पुर्ण बिद्द्यार्थी तथा शिक्षकहरुले यसै भमरकोट देवी स्थानमा संचालन गर्दै आयका छन् । म यसै विद्यालयमा २०२३ साल देखि अध्ययन गरेको विधार्थी भयको हुँदा मैले भमरकोट देवी स्थानमा हरेक बर्षको सरस्वतीको पूजा र दशैंको दुर्गा पूजामा सहभागी भयको छु । त्यस समय सम्ममा गाउँघरमा हुने कार्यक्रमहरुमा गाउँका कटुवालमार्फत ढोल पिटाउदै अल्से ढुंगाबाट सूचना जारी गर्ने गरेको मैले प्रत्यक्ष देखेको र सुनेको छु ।

भमरकोट देवी मन्दिरमा सरस्वती पूजाको दिन स्कूलबाट पूजा गर्न जाँदा यो भाग्नाबसेसको पहाड देख्दा मलाई नरमाइलो लाग्थ्यो । आफु सक्षम भयपछि एस ठाउँमा एउटा मन्दिरको निर्माण गर्ने अठोट मैले तेती बेला गरे अनुसार २०५८ सालमा मेरो भाई अर्जुन अधिकारी र स्थानीय गाउँलेहरुको सहयोग र सक्रियतामा भमरकोट मन्दिरको निर्माण भयको थियो । उक्त मन्दिर २०७२ सालको माहा भूकम्पले पूर्ण छेती भयको थियो । । यस भमरकोट देवीको दर्सन गर्दा र पूजा अर्चना गर्दा धेरै प्रकारको लाभ र संकट बाट मुक्ति मिल्ने कुराको जन बिश्वास छ । यसको साथै यी भमरकोट देवीलाई धेरै नामहरुले पुकारेको र आराधना गरेको पाईन्छ । ती नाम र यिनको प्रभावका बारेमा म तिन ओटा नाम र प्रभावको मात्र यहाँ बर्णन गर्न चाहन्छु ।

देवीका नामहरु र यिनका प्रभावहरु ।

१ भ्रमणकोट देवी, कुनै पनि लामो यात्रा पुर्ब यस भ्रमणकोट देवीको दर्सन र पूजा आराधनाबाट आफ्नो भ्रमण सफल हुने र यात्रा सुखद र फलदायी हुने जन बिश्वासहरु पौराणिक काल देखि नै चल्दै आयकाछन ।

२ भुमरीकोट देवी, यी देवीको पूजा अर्चना, आराधना तथा दर्सन बाट टाउकोमा भुमरी भयका मानिसहरुको ग्रह दसा नास हुने बिश्वास गरिन्छर हाम्रो समाजमा टाउकोमा भुमरी भयका मानिसहरुलाई मुल्याह, रिसाहा, असती आदि त्यादी किसिमले हेर्ने गरिन्छ । यस्ता भुमरी भयका मानिसहरुले यी भुमरीकोट देवीको दर्शन तथा पूजा अर्चना गर्दा उनीहरुको सम्पुर्ण ग्रहदशा ठिक हुने, रिसलाई सन्त गर्ने सक्ति पैदा हुने र परिवारमा धन जनको क्षति तथा खति नहुने कुरा बिश्वास गरिन्छ ।

३ भ्रामरी देवी, भ्रामरी देवीको दर्सन तथा पूजा अर्चना र ध्यान गर्दा मनमा भ्रान्ति नहुने, बिभिन्न किसिमको मनोरोगबाट मुक्त हुने र मन स्थिर नभई चंचलता भएका मानिसहरुको मनमा शान्ति पैदा हुने, धेरै तिर मन नडुल्ने आदि कुरामा बिश्वास गरिन्छ ।

यिनै बिश्वास र परम्परामा अबस्थित यी पौराणिक तथा ऐतिहासिक भमरकोट देवीको सम्बर्द्धन र संरक्षण गर्नुपर्ने हामी सबैको कर्तव्य हो भन्ने चाहनाका साथ मैले नेपाल सरकारको ध्यान आकर्षण गराऊदा, नेपाल सरकारको पुरातत्व विभागले यो स्थान पौराणिक र ऐतिहासिक स्थान हो भन्ने निश्चित गर्दै भमरकोट देवी मन्दिर निर्माण तथा संरक्षण गर्न केही रकमको विनियोजन गरेको थियो । यो सरकारी अनुदानको स्थानीय जनताले स्वागत गर्दै, नेपाल सरकारलाई धन्यवाद दियका छन्न । सरकारको सानु सहयोगले मात्र यो स्थानमा भमरकोट देवीको मन्दिर बन्न सम्भब थिएन । हामी देशवासी, जिल्लाबासी तथा स्थानीय जनताहरुको सहयोग र सद्भावना बिना यो मन्दिर पुनः भाग्नाबसेसमा मात्र सीमित हुने कुरा निश्चित थियो । यो देवी स्थानको पुनर्निर्माण गर्न स्थानीय जनताको सहभागितामा एउटा भमरकोट देवी मन्दिर पुनर्निर्माण समिति गठन भयको थियो । उक्त निर्माण समितिले २०७५ साल माघ २० गते करिब १५ लाख रुपैयाँको लागतमा मन्दिर निर्माण कार्य सम्पन्न गरि कोट देवीको ठूलो मुर्ति प्रतिस्थापन गरि पुजाआजाको विधिवत सुरुवात गरेको छ ।

भमरकोट सम्भावित पर्यटकीय स्थल भएको कुरा मैले अघि नै उल्लेख गरेको छु । अहिले आएर पाँचखाल नगरपालिकाको विशेष सकृयतामा सतीमारा ( केराघारी ) देखि भमरकोट कोट देवी स्थानको थुम्का सम्म पुग्न ७५० वटा सिढी निर्माण भै सकेका छन । यी सिढीहरूको निर्माणले यो पर्यटकीय स्थलमा सुगन्ध थपेको छ । राजधानीबाट मात्र ३५ किलोमिटर अर्थात ४५ मिनेटको यात्रामा पुग्न सकिने यो तीर्थ स्थल राजधानी र नजिकका भक्तजनहरूको लागि नजिकैको रमणीय पर्यटकीय गन्तव्य स्थल बन्न सक्छ । आउनुहोस् आन्तरिक पर्यटनको विकासमा सहयोग पुऱ्याउँ । भमरकोटमा यहाँहरूको हार्दिक स्वागत छ ।

दुर्गा अधिकारी, भमरकोटे ।

## इनर ह्विल क्लवद्वारा जेष्ठ नागरिकहरूलाई सम्मानित


काठमाडौं । यहि असोज १७ गते जालपा पुस्तकालय बानियाँटारमा इनर ह्विल क्लव अफ टोखाको आयोजनमा ५ जना जेष्ठ नागरिकहरूलाई सम्मान गरेको छ । क्लवकी अध्यक्ष सर्मिला के.सी. को सभापतित्वमा सम्पन्न कार्यक्रमको



प्रमुख आतिथ्यता टोखा न. पा. ८ का बडा अध्यक्ष केशव ब. खत्री र विशिष्ट अतिथि साहित्यकार नरबहादुर बि.सी. रहनुभएको थियो । उक्त कार्यक्रममा खन्तरी रोक्का, ठुलोकान्छा खत्री, चन्द्रकला आचार्य , जानकीप्रसाद पाठक र नरबहादुर थापालाई सम्मान गरिएको थियो । कार्यक्रमको सञ्चालन संस्थाकी सचिव उर्मिला त्रिपाठीले गर्नुभएको थियो ।

हार्दिक शुभकामना

नेपालीहरुको महान चाड बिजया दशमी, दिपावली, नेपाल सम्वत् ११४२ छठ २०७८ को अवसरमा सम्पुर्ण देश-बिदेशमा रहनु भएका नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना ब्यक्त गर्दछु ।



दिब्यध्वज कार्की
अध्यक्ष
सुतार कार्की सेवा समिति परिवार
चावहिल, काठमाडौं

# ग्राहकहरुलाई सिटी सेन्टरको चाडपर्व उपहार

काठमाडौ । काठमाडौंको मुटुमा रहेको कमलपोखरी स्थित सिटी सेन्टरले नेपालीहरुको महान चाडपर्व दशैं-तिहार लक्षित योजनाहरु ल्याएको छ ।शपिङ्ग मलमा आउने ग्राहकहरुलाई सुविधा प्रदान गर्ने उद्देश्य राखी सिटी सेन्टरले यो योजना ल्याएको हो ।

किनमेल गर्ने ग्राहकहरुलाई मात्र योजनामा सामेल गर्ने प्रचलन रहेकोमा




सिटी सेन्टरले यस पालीको चाडपर्व योजनामा दायरा फराकिलो पारेको छ । असोज १६ गते देखि सुरु भएको यस योजनाबाट सिटी सेन्टरमा भिजिट गर्ने जो-कसैले यो योजनामा सामाले हुन पाउने सिटी सेन्टर व्यवस्थापनले जनाएको छ । शपिङ्ग मलमा आउने ग्राहकलाई डेल्ली लक्की ड्र, शपिङ्ग भौचरका साथै विक्ली लक्की ड्र तथा ग्राण्ड लक्की ड्रमा समावेश गराइने उल्लेख छ ।

लक्की ड्रको कुपन मार्फत विजेताका लागि चितवन, पोखरा लगायतका ठाउँमा रहेको होटलमा खाने बस्ने व्यवस्था प्रदान गरिने छ ।

यस बाहेक सिटी सेन्टरमा रहेका व्यवसायीहरुले यस पावन अवसरमा ५० प्रतिशतसम्मको छुट,बाइवान गेट वान फि लगायतका अन्य आकर्षक छुट तथा योजनाहरु समेत प्रदान गर्नेछन् ।

विश्वभरी फैलिएको महामारीलाई मध्यनजर गर्दै जनस्वास्थ्य मापदण्डलाई पूर्ण पालनामा जोड दिएर, सरकारी निर्देशन अनुसार सिटी सेन्टर पुनः सञ्चालनमा ल्याएको हो । यसै अवसरमा नेपाल चेम्बर अफ कमर्ससँगको सहकार्यमा सिटी सेन्टरमा स्वदेशी उत्पनदनको मेला समेत सुरु भएको छ ।

असोज २१ गतेबाट सिटी सेन्टरमा रहेका ३ वटै फिल्म हल पुनः संचालनमा आउन सिटी सेन्टरले जनाएको छ । चाडपर्व लक्षित मलको योजना एवं फिल्म हल संचालनमा आएपछि ग्राहकको आकर्षण बढ्नेमा सिटी सेन्टर व्यवस्थापन विश्वस्त गरेको उल्लेख छ । माथि उल्लेखित योजना २४ कार्तिक २०७८ (छठ पर्व) सम्म चल्ने सिटी सेन्टरद्वारा जारी विज्ञप्तीमा जनाएको छ ।

# आइएमई मोटर्सको जितपुर र नवलपरासीमा शोरुम उदघाटन

काठमाडौं । आइएमई मोटर्स प्रा.लि ले २ वटा शाखा उदघाटन गरेको छ । जितपुर बारा स्थित थ्रि एस सेटअप र सर्दी नवलपरासी पूर्वमा अवस्थित २ एस सेटअपको एकैपटक उद्घाटन गरेको बिज्ञप्ति पठाएर आइएमइ मोटरले जानकारी दिएको हो ।

दुई वटै शाखाका उदघाटन नेपाल उधोग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष तथा आइएमई ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकाल र अशोक लेलैण्डका सार्क हेड सुजन रोय ले संयुक्त रुपमा रिबन काटी उद्घाटन गरेका जनाएको छ ।

# कामना सेवाले ल्यायो अनलाईन डिम्याट सुविधा

काठमाडौ । कामना सेवा विकास बैंकले अनलाईन मार्फत डिम्याट सुविधा सञ्चालनमा ल्याएको छ । अब बैंकमा बचत खाता भएका ग्राहक महानुभावहरुले घरमै बसी सहज रुपमा बैंकको अन लाईन मार्फत नै डिम्याट खाता तथा मेरो




शेयर खोल्नु सक्ने सुविधा ल्याएको बैकले जनाएको छ ।

अनलाईन मार्फत खाताको लागि आवेदन दिएको केहि समयमै डिम्याट खाता खोलिने व्यवस्था बैंकले गरेको  छ ।

साथै बैंकमा खाता नभएका ग्राहक हरुले अनलाईनबाटै उच्चतम ब्याजदर सहितको बैंकको नयाँशुभलाभ लगानी बचत खाताखोली यो सुविधाउ पभोग गर्न सक्नेछन् ।

जस अन्तर्गत ग्राहकहरुले  प्रथम वर्ष निःशुल्क मोबाईल तथा ईन्टरनेट बैकिङ, तथा लकर सुविधा प्राप्त गर्न सक्नेछन् । देशभर फैलिएका बैंकको १२९ शाखा तथा एक विस्तारीत शाखाबाट डिम्याट खाता सम्बन्धी सुविधाहरु सजिलै प्राप्त गर्न सकिने उल्लेख छ ।

काठमाडौं ३०, ज्ञानेश्वरमा केन्द्रिय कार्यालय रहेको बैंकले देशका विभिन्न भागहरुमा ग्राहकहरुलाई आफनो सेवा तथा सुविधाहरु प्रदान गर्दै आएको बैकले जनाउदै आएको छ ।

## अर्थ संसार


# मुक्तिनाथ कृषि कम्पनीको सर्वशाधारण सेयर निष्काशन हुदै

